# बिजया दशमीको शुभकामना आदान प्रदान तथा मिडियाकर्मीहरूसंग भेटघाट कार्यक्रममा प्रधान सेनापति ज्यूको मन्तव्य

(२०७५/०६/२५ गते)

उपस्थित बलाधिकृत लगायतका पि.एस.ओज. रथीबृन्द,

रक्षा मन्त्रालयका प्रबक्ताज्यू,

सैनिक जनसम्पर्क निर्देशनालयका निर्देशक,

नेपाल पत्रकार महासंघ र राष्ट्रिय समाचार समितिका अध्यक्षज्यूहरू,

प्रेस काउन्सिल नेपालका कार्यबाहक अध्यक्षज्यू,

संचार संस्थाहरूबाट पाल्नु भएका अध्यक्ष तथा सम्पादकज्यूहरू,

टेलिभिजनहरूका अध्यक्ष, महाप्रबन्धक, प्रबन्ध निर्देशक तथा कार्यकारी प्रमुखज्यूहरू,

रेडियो तथा एफ.एम. स्टेसनहरूका कार्यकारी निर्देशक, निर्देशक, सम्बाददाता, स्टेसन म्यानेजर, समाचार प्रमुख तथा महासचिवज्यूहरू,

बिभिन्न पत्रपत्रिकाहरू तथा अनलाइन सञ्चार माध्यमहरूका अध्यक्ष, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रधान सम्पादक तथा सम्पादकज्यूहरू,

वरिष्ठ अर्न्तवार्ताकारहरू,

हाम्रा प्रिय रक्षा सम्वाददाता मित्रहरू,

बिदेशी सञ्चार माध्यमका संवाददाताहरू,

स्वतन्त्र पत्रकार मित्रहरू तथा सम्पूर्ण मिडियाकर्मीहरू,

**नमस्कार ।**

सर्वप्रथम जङ्गी अड्डामा आयोजित यस कार्यक्रममा तपाईहरूको उपस्थितिका लागि नेपाली सेनाको तर्फबाट आभार व्यक्त गर्दै हार्द्दिक धन्यवाद दिन चाहन्छु । विजया दशमीको पूर्वसन्ध्यामा आयोजित यस कार्यक्रमको शुरूमा नै नजिकिंदै गरेको बडा दशैं, शुभदिपावली, नेपाल सम्वत् ११३८ तथा छठ पर्वको उपलक्ष्यमा तपाईहरू सबैलाई सुख शान्ति, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नेपाली सेनाको प्रधान सेनापतिको कार्यभार सम्हालेपछि मेरो समय व्यवस्थापनको असमर्थतामा तपाईहरूबाट व्यक्तिगत तथा संस्थागत रूपमा भएको भेटघाट तथा अन्तवार्ताको अनुरोध मैले पुरा गर्न सकिन । त्यसका लागि यसै अवसरमा तपाईहरू सबैसंग म क्षमायाचना गर्न चाहन्छु । त्यसैले शुभकामना आदानप्रदान गर्न आयोजना गरिएको यस कार्यक्रमलाई तपाईहरूसंग छलफल समेत गरि अर्न्तक्रियात्मक बनाउने लक्ष्य राखिएको छ । आज म तपाईहरूसंग नेपाली सेना र मिडियाबिचको सम्बन्ध तथा नेपाली सेनाले राष्ट्रसेवामा गर्दै आएको कार्यहरूको बारेमा खासै केहि कुरा राख्दिन किनकि यस बारेमा तपाईहरू नै यस बारेमा पूर्ण रूपमा जानकार हुनुहुन्छ ।

यस दौरान म तपाईहरूलाई बिशेषत: नेपाली सेनाको बृहत्तर संस्थागत हित, व्यावसायिक क्षमता अभिबृद्धि र सांगठनिक सुदृढिकरणका निमित्त राष्ट्रिय सुरक्षाको पहरेदार संस्थाका रूपमा नेपाली सेनालाई बिकसित गर्दै लैजाने मेरा लक्ष्य तथा कार्ययोजनाका बारेमा जानकारी गराउने प्रयास गर्नेछु र अन्त्यमा नेपाली सेना सम्बन्धमा तपाईहरूका जिज्ञासाहरू लिनेछु । यसैगरी विगतमा झैं भविष्यमा पनि तपाईहरूबाट महत्वपूर्ण रायसुझाव र सल्लाहको हाम्रो अपेक्षा शुरूमा नै तपाईहरू समक्ष राख्न चाहन्छु ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

मैले प्रधान सेनापतिको कार्यभार सम्हालेकै दिन सकल दर्जाका लागि "प्रधान सेनापतिको कमाण्ड मार्गनिर्देशन २०७५" जारी गरेको छु । यो नेपाली सेनाको अल्पकालीन योजना हो । यसमा सेवारत र सेवानिवृत सैनिक व्यक्तिहरूबाट प्राप्त रायसुझावहरू, नेपाली सेनाबाट आम नेपाली जनताले गरेका अपेक्षाहरू तथा नेपाल सरकारका नीति कार्यक्रम र निर्देशनहरू समेत समाबेश गरिएको छ ।

वर्तमान र भविष्यका जिम्मेवारीहरू पूरा गर्न सक्ने गरी नेपाली सेनालाई तयार गर्ने तर्फ शिक्षित, योग्य र कुशल युवाहरूलाई राष्ट्रसेवाका लागि आकर्षित गर्दै नेपाली

सेनालाई सुदृढ, सबल र सक्षम संस्थाको रूपमा विकास गर्दै लैजाने लक्ष्य लिएको छु । सकल दर्जालाई गुण, दोष, कार्यसम्पन्नता र उपलब्धीहरूका आधारमा अवसरहरूद्धारा अभिप्रेरित गर्न भनसुन, निकटता र आफन्तवादको अन्त्य गरी प्रणालीमा आधारित नीति सहितको साङ्गठनिक वातावरण (System-based Organizational Climate) सिर्जना गर्ने कार्य शुरू भईसकेको छ । त्यसको निमित्त मेरो वा नेपाली सेनाको वा मन्त्रालयको एकल प्रयासबाट मात्र सम्भव हुन्छ भन्ने मलाई विश्वास छैन, सिङ्गो नागरिक समाज, मिडिया जगत र सिङ्गो समाजले भूमिका खेल्ने छ भन्ने विश्वास मैले लिएको छु । संस्थागत हितलाई प्राथमिकतामा राखी व्यवस्थापन र कार्यप्रणालीहरूमा समयानूकुल सुधार गरी गतिशील, भरपर्दो र सिक्दै जाने अर्थात Learning by Doing मा विश्वास गर्ने सङ्गठनका रूपमा स्थापित गर्ने तर्फ ठोस पहलकदमी शुरू भइसकेको छ । आफ्ना तथा मातहतका क्षमता तथा प्रयासहरूले सदैव संङ्गठनको साख उंचो राख्ने प्रयत्न थालेको छु । यसरी लौह अनुशासन, बलियो Chain of Command, राजनीति निरपेक्ष चरित्र, राष्ट्रिय एकताको भावना र अविच्छिन्न साङ्गठनिक लक्ष्यहरूद्धारा निर्देशित गर्दै नेपाली सेनालाई राष्ट्रिय एकता र आस्थाको आधार बनाउंदै लैजाने लक्ष्य लिएको छु ।

मूलतः मैले मेरो कार्यकालका लागि सात वटा साङ्गठनिक लक्ष्य तथा १५१ कार्यहरू निर्धारण गरेको छु । यी लक्ष्यहरू नितान्त आन्तरिक प्रयोजनका लागि निर्धारण गरिएकाले म यस भित्र प्रवेश गर्न चाहन्न ।

नेपालको संविधानको रक्षा गर्नु नेपाली सेनाको परम कर्तव्य हो । नेपाली सेनाको समसामयिक आधुनिकीकरण गर्नका लागि दीर्घकालीन योजनाका रूपमा *"Nepali Army Vision 2030"* तयार गरी कार्यान्वयनमा ल्याइनेछ । यसको मतलब यो तयारी कै अवस्थामा रहेको छ । यसै गरी National Military Strategy तयार गरी सबै सुरक्षा निकायहरूबिच आन्तरीक र बाह्य सुरक्षाका लागि नेपाली सेना परिचालित भएको अवस्थामा आवश्यक एकीकृत कमाण्ड (Integrated Command) सम्बन्धि अवधारणाको बिकास गरिनेछ । यो किन पनि आवश्यक छ भने नेपाली सेना अन्य सुरक्षा निकायभन्दा फरक प्रकृतिको संस्था भए तापनि हामी आपसी समन्वय गरी अघि बढ्न सकेनौं भने तपाई हामीले परिकल्पना गरेको नेपालको सुरक्षा कमजोर हुन जान्छ । तसर्थ, हामी बिच समन्वय आवश्यक छ र हामी सबै राष्ट्रका लागि बलियो हुनु जरूरी छ । नेपाली सेनाको परिप्रेक्षमा नेपाली सेनालाई Ready for Role को अवस्थामा

राख्नका लागि तयार गरिएका अवधारणाहरू विश्वसनीय ढंगले कार्यान्वयन गर्दै लगिनेछ ।

नेपाली सेना संविधानविरोधी र बिखण्डनवादी तत्वहरूका गतिविधीबाट उत्पन्न हुनसक्ने सम्भावित सुरक्षा चुनौति र खतराहरूलाई सुक्ष्म रूपबाट नियालेर निरन्तर मुल्याङ्कन गरिरहेको छ र त्यो राष्ट्रिय सेनाको धर्म पनि हो अर्थात जिम्मेवारी हो । राजनीतिक माध्यम नै आन्तरिक द्वन्द्व समाधानको सही विकल्प हो, तर राष्ट्रसंग अन्य विकल्पहरू पनि रहेका छन् भन्ने पक्षलाई बिर्सन मिल्दैन । संविधानले सुम्पेको जिम्मेवारी पूरा गरी राष्ट्रिय स्वाभिमान र भौगोलिक अखण्डता सुनिश्चित गर्नु नेपाली सेनाको परम कर्तव्य हो । तर त्यो नेपाली सेनाको एकल प्रयासबाट मात्र संभव छैन । यस सम्बन्धमा उपयुक्त राष्ट्रिय निर्देशन प्राप्त भए बमोजिम विगतमा सिकिएका पाठहरूलाई आधार मानि सम्भावित सुरक्षा चुनौति र खतराहरूलाई सम्बोधन गर्न नेपाली सेना सदैव तयार छ । सोहि बमोजिम मातहतमा समेत निर्देशन भएको पनि तपाईहरूलाई अवगत गराउन चाहन्छु ।

लँडाई लड्ने क्षमता अभिबृद्धि गर्नका लागि नेपाली सेनामा सेवागत विशिष्टिकरणको अवधारणा लागू गर्न लागिएको छ । त्यसै गरी जुनियर तहको नेतृत्वलाई थप सक्षम, जिम्मेवार र जवाफदेही बनाई एकत्वपन हासिल गर्ने बिशेष योजनाहरू ल्याइएको छ ।

सैनिक बन्दोबस्ति पक्षलाई सन्तुलित र आत्मनिर्भरता उन्मुख बनाउनका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ । उपत्यका बाहिर Logistics Depot हरूको स्थापना गर्दै विकेन्द्रिकरणलाई व्यवहारिक बनाउने योजना रहेको छ भने सकल दर्जाको मनोवल उच्च राख्नका लागि विविध सेवासुविधाहरू सहितको Cantonment System को योजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।

नेपाली सेनाका आधारभुत तालिमदेखि नै आधारभुत सैनिक गुण र सीपहरू विकास गर्ने तर्फ केन्द्रित गरी बास्तविकतामा आधारित तालिम तथा अभ्यासहरू सञ्चालन गरी फौजलाई विभिन्न युद्ध वा द्वन्द्वका सम्भावित वातावरण वा अवस्थाका लागि तयारी अवस्थामा राखिनेछ ।

*उपस्थित मिडियाकर्मी साथीहरू,*

*सङ्गठनको सञ्चालनलाई वैज्ञानिक बनाउंदै नेपाली सेनालाई गतिशील संस्थाको रूपमा विकास गर्नका लागि दीर्घकालीन साङ्गठनिक हितका विषयहरूमा सैनिक मर्यादाभित्र रहि खुला छलफलमा आधारित योजना र निर्णय गर्ने प्रणाली आरम्भ गरिसकिएको छ । सङ्गठनमा सकारात्मक वातावरण सिर्जना गर्नका लागि पुरस्कार र दण्डसँजायलाई महत्वपूर्ण संयन्त्रका रूपमा उपयोग गर्न निर्देशन दिई सकिएको छ भने सकल दर्जाको गुनासोहरू सङ्गठनभित्रैबाट सम्बोधन गर्नका लागि विभिन्न विकल्पहरू तय गरिएको छ । तसर्थ,* Unsubstantiated *समाचारहरूलाई स्थान नदिन म तपाईहरू समक्ष विनम्रतापूर्वक अनुरोध गर्दछु । कहिले काही त्यस्ता समाचार सम्प्रेसन हुन जाँदा संस्थागत हितमा आघात पर्न जान्छ । त्यसले नेपाली सेना र राष्ट्रलाई आघात पुऱ्याई रहेको हुन्छ । हामी कतिपय अवस्थामा गलत* News *आउँदा पनि* Media *आफैले सत्यता बुझिदिओस् भनेर मौन बसिदिएका छौ ।*

*विकेन्द्रीकरण मार्फत सबै तहका कमाण्डरहरूलाई आआफ्नो जिम्मेवारीप्रति उत्तरदायी बनाउनका लागि नेपाली सेनामा* Mission Command *को अवधारणा लागू गरिएको छ । अब यसैका आधारमा सबै तहका कमाण्डरले आफ्नो जिम्मेवारी पूरा गर्न पहल गर्नेछन्, माथिल्लो कमाण्डरको मुख ताक्नु पर्नेछैन ।*

*सङ्गठनमा देखिएका सुधारका आवश्यकताहरूलाई यथोचित सम्बोधन गर्नका लागि प्रणालीमा आधारित नीति* (System-based Policy) *लिने लक्ष्य राखेको छु । व्यबस्थापनलाई चुस्त र दुरूस्त राख्नका लागि विभिन्न कार्यक्रमहरू अघि सारिएका छन् । नेपाली सेनाको तल्लो तहसम्म* Digitization *मार्फत* Less Paper Environment *को अवधारणा क्रमशः लागू गर्दै जाने नीति अनुरूप जंगी अड्डामा पूर्ण रूपमा लागू भइसकेको छ भने सुदूरपश्चिम पृतनामा लागू गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसलाई देशैभरका निकायहरूमा लागू गर्ने र रक्षा मन्त्रालयसंग समेत* Digital *माध्यमबाट जोडिने तर्फ पहल भईरहेको तपाईहरूलाई जानकारी गराउन चाहन्छु ।*

*हामीले सङ्गठनभित्रै र बाहिरबाट सुन्ने गरेका भनसुनका आधारमा र पहुंच हुनेले मात्र नेपाली सेनामा अवसरहरू प्राप्त गर्ने गरेको भन्ने गुनासोहरू पूर्ण रूपमा सत्य होइनन् तर, यस भित्र सत्यता पनि छ । यसलाई हटाउनका लागि मैले पहिलो सम्बोधन, मेरो कमाण्ड मार्गनिर्देशन तथा विभिन्न अन्य निर्देशनहरू मार्फत स्पष्ट रूपमा सबैलाई जानकारी गराई सकेको छु कि सकल दर्जाको मुल्याङ्कन*

कार्यसम्पादनका आधारमा हुन्छ र गरिनुपर्छ । साथै त्यसकै आधारमा नीतिनियमभित्र रहि अवसरहरू दिइनेछ । यसमा मैले फेरि पनि मिडियाकर्मीहरूको सकारात्मक सहयोगको अपेक्षा राखेको छु ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

नेपाली सेनाले नागरिक सर्वोच्चतालाई सदैव सर्वोपरी मान्दै आएको तथ्य विदितै छ । यदाकदा यसलाई नेपाली सेनाको लोकतान्त्रिकरण पनि भन्ने गरिएको मैले पाएको छु, यसलाई नेपाली सेनाको व्यवसायीकरण भन्दा अझ राम्रो सुनिन्छ होला जस्तो मलाई लाग्छ । नागरिक सर्वोच्चता सम्बन्धमा हाम्रा धारणाहरू समान हुनु जरूरी छ । सरल भाषामा नागरिक सरकारको कानुनसम्मत आदेश तथा निर्देशनहरूको पालना गर्नु नेपाली सेनाको दायित्व हो भने सङ्गठनको आन्तरिक व्यवस्थापन नेपाली सेनाको जिम्मेवारी हो, यसमा यदाकदा हुने गरेको Micro-Management ले सेनाको हित गर्दैन भन्ने मेरो बुझाई छ । नेपाली सेनाको सञ्चालन सम्बन्धमा आवश्यक नीतिनियमहरू तयार गरी लागू गर्ने र गराउने जिम्मेवारी सरकारको हो । सहि अर्थमा सेनालाई पेशागत रूपमा दक्ष बनाई राष्ट्रिय शक्तिको भरपर्दो संयन्त्रका रूपमा स्थापित गर्नु नै सैनिक संगठनको व्यवसायीकरण हो ।

नेपाली सेनाको संख्याको सम्बन्धमा पनि विभिन्न धारणाहरू बेलाबखत आउने गरेका छन् । नेपाली सेनाको अहिलेको आकार र स्वरूप विगतको द्वन्द्वकालको आवश्यकतामा आधारित भई सिर्जना भएको हो । नेपाली सेनाको पूर्नढांचा, पूर्नसन्तुलन र पूर्नसंरचना (Re-design, Re-balance & Re-structuring) गर्दै अहिलेको अवस्थामा आएको छ, संगठनको संरचना अहिलेसम्म पनि मिल्न सकेको छैन । एक्कासी बढेको संगठनको असर अझै बांकि छन् । आवश्यकता हुने बितिकै भर्ना लिने र काममा लिन सकिने अवस्था कुनै पनि सैनिक संगठनमा सम्भव हुंदैन । विभिन्न तहका कमाण्डर र स्टाफहरू तालिम र अभ्यासका आधारमा क्रमिक रूपमा मानवस्रोतको विकास गर्दै लैजानु पर्ने सेना जस्तो Chain of Command मा चल्ने संगठन – अरू संगठन जस्तो तुरून्त तयार गर्न सम्भव हुंदैन । तसर्थ, अहिलेको मात्र होइन, भविष्यको आवश्यकतालाई समेत मध्यनजर गरेर हामीले राष्ट्रिय सेनाको स्वरूप र आकार निर्धारण गर्नुपर्ने हुन्छ । यस विषयमा वहस हुनुलाई म स्वभाविक मान्दछु । किनकि सेनाको सञ्चालनका लागि बजेट खर्च अवश्य हुन्छ, तर बजेट कटौति गर्ने नाममा विना आधार सेनाको संख्या कटौति गर्दा त्यसले राष्ट्रिय सुरक्षामा प्रत्यक्ष असर पार्ने

कुरामा हामी सबै सचेत हुनुपर्ने हुन्छ । नेपाली सेनाका प्राथमिक र द्धितियक जिम्मेवारी पुरा गर्न सक्ने गरी विस्तृत सामरिक पुनरावलोकन (Comprehensive Strategic Review) का आधारमा मात्र निर्णय लिनुपर्छ भन्ने संसारभर कै सेनाको मान्यता हो । सेनालाई सानो र चुस्त बनाउनका लागि विभिन्न राष्ट्रहरूले आधुनिकीकरण र उपयुक्त क्षमताहरू सेनालाई दिने गरेको पाइन्छ । तसर्थ सेनाको संख्या घट्दा थप आवश्यक Capabilities प्रदान गर्ने गरेको देखिन्छ । यहि विकल्प प्रयोग हामीले पनि गर्न सकिन्छ । तर त्यसका लागि पनि विस्तृत अध्ययनको आवश्यकता छ ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय एकताको रक्षा गर्ने लगायतका राष्ट्रनिर्माण र विपद् व्यवस्थापन एवं संविधानसम्मत जिम्मेवारीहरू नेपाली सेनाले वहन गर्दै आएको छ र भविष्यमा पनि विश्वसनीय ढङ्गबाट वहन गर्नेछ । विकास निर्माणका कार्यहरूमा नेपाली सेनाले आर्जन गरेको विश्वसनीयता हामीले निरन्तर कायम राख्नुपर्ने चुनौति नेपाली सेनाको सामू रहेको छ । नेपाल सरकार तथा आम नेपाली नागरिकहरूको विश्वासमा नेपाली सेनालाई प्राप्त राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग समयभित्रै सम्पन्न गर्ने चुनौती छ । पारदर्शीतालाई केन्द्रमा राखेर निर्माण कार्यलाई अपेक्षित गति दिनु मेरो प्राथमिकता भित्र पर्दछ, तर यो समस्यारहित भने छैन । नेपाली सेनाले यसलाई Priority Task को रूपमा लिएको छ । सदा झैं नेपाल सरकार, रक्षा मन्त्रालय, आम नागरिकहरू तथा सरोकारवाला सबै निकायहरूको साथ र सद्भावसहित यो आयोजना पूरा गर्ने लक्ष्य लिएका छौं । त्यो बिना यो सम्भव पनि म देख्दिन ।

यस विषयसंग नेपाली सेनाको व्यावसायिकतालाई जोडेर विवादित गर्ने प्रयास बेलाबेलामा हुने गरेको पाइन्छ । यसै अवसरमा म तपाईहरू मार्फत सबैलाई स्पष्ट पार्न चाहन्छु । सर्वप्रथम विकास निर्माण नेपाली सेनालाई संविधानले तोकेको जिम्मेवारी हो । नेपाल सरकारले विकास निर्माण सम्बन्धि जिम्मेवारी दिएपछि नेपाली सेनाले त्यो पूरा गर्नैपर्छ । यहि विकास निर्माण सम्बन्धि संवैधानिक जिम्मेवारी पूरा गर्नका लागि शान्तिकालीन वर्तमान अवस्थामा नेपाली सेनामा इन्जिनियरिङ् विभाग र कम्ब्याट इन्जिनियर्स निकायहरू रहेका छन् । काठमाडौं-तराई/मधेश द्रुतमार्ग लगायतका अन्य बाटोघाटो निर्माण सम्बन्धि कार्यहरूमा यिनै निकाय अन्तर्गतका करिब १००० जनशक्ति

खटिएका छन्, जसको प्राथमिक जिम्मेवारी नै बिकासनिर्माण हो । आमनागरिकबाट आउने गरेको चासोहरूलाई हामीले सकारात्मक रूपमा लिंदै आएका छौं । भविष्यमा समेत नागरिकहरूका तर्फबाट यस किसिमका सरोकारहरू प्राप्त हुने अपेक्षा राखेका छौं । शान्ति कालमा सेना विकास निर्माणमा लाग्दा व्यावसायीकतामा आँच आउँछ कि भन्ने चिन्ता अत्यन्त जायज हो, तर त्यसमा मुलरूपमा इन्जिनियर्स जनशक्ति नै खट्टिने हो, मुलधारको ८५,००० फौज त्यसमा संलग्न नहुने हुँदा नेपाली सेनाको तालिम र व्यवसायीकतामा त्यसले असर गर्दैन, विकसित देशहरूमा समेत सेना यस्ता कार्यमा संलग्न हुन्छन् ।

नेपाली सेनालाई प्राप्त हुने बजेट र मातहतमा विनियोजन गरिने बजेटको अधिकत्तम सदुपयोग गरी प्रभावकारी कार्यान्वयन गर्न पारदर्शी प्रयोगमा विशेष जोड दिनेछु । यसका लागि सम्बन्धित कमाण्डर तथा लेखाउत्तरदायीहरूलाई जवाफदेही बनाउनका लागि नेपाली सेना आर्थिक निर्देशिका २०७५ तयार भई लागू हुने क्रममा रहेको छ । यसमा मैले शुन्य सहनशीलताको नीति लिएको छु । यसका लागि प्रभावकारी अनुगमन संयन्त्रको बिकास हुने क्रममा रहेको छ । आर्थिक अनियमितताका विषयहरूले सङ्गठनको साख गिर्ने विषयमा हामी सचेत छौं । यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न म प्रतिबद्ध रहेको पनि तपाईहरूलाई जानकारी गराउन चाहन्छु । भ्रष्टाचारका विषय पनि बेलाबेला सुनिने गरेका छन् । यसलाई सैनिक बिशेष अदालतले हेर्ने गरी व्यवस्था गरिनेछ । यो अदालत अपेक्षित रूपमा प्रभावकारी बनाउन नसकिएको पक्ष केही हदसम्म सत्य होला, अब यस प्रति ध्यान केन्द्रित गरिने छ ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

नेपाली सेनाको कल्याणकारी कोषको सम्बन्धमा अहिलेकै कार्यक्रमहरूको सही व्यवस्थापन र सेवाग्राही केन्द्रित बनाउने लक्ष्य लिएको छु । कुनै पनि सैनिक कल्याणकारी कार्य अत्यन्त महत्वपूर्ण पक्ष हो । सङ्गठनका सम्पूर्ण सदस्यहरूको रगत पसिनाबाट बनेको यो कोषको सदुपयोग होस् भन्ने सम्पूर्ण सेवारत तथा सेवानिवृत सैनिक व्यक्तिहरूको आकांक्षा तथा आम नेपाली नागरिकको अपेक्षाप्रति म सचेत छु । कोषको दीगोपन, हिताधिकारीहरूको धेरै गुनासो रहेका शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार तथा सैनिक व्यक्तिको सामाजिक अवस्थामा सुधार गर्ने किसिमको दीर्घकालीन संस्थागत हित हुने स्वरोजगर तथा पूर्नरोजगारीसम्बन्धि रणनीति तयार गर्ने गरी एक विशेष कार्यदलले कार्य गरिरहेको छ । कोषको व्यवस्थापनलाई पारदर्शी र प्रभावी बनाउन

स्पष्ट देखिने गरी पहलकदमी लिनेछु । उपलब्ध स्रोत साधन, आवश्यकता र हिताधिकारीहरूको अपेक्षाको सम्बोधन हाम्रो मुख्य चुनौति हो ।

यसै अवसरमा म महांकालस्थित ऐतिहासिक महत्वको त्रिचन्द्र मिलिटरी हस्पिटल लगायतका कल्याणकारी पक्षमा सुनिने गरेका गुनासोहरू सन्दर्भमा नेपाली सेनाको स्पष्ट धारणा राख्न चाहन्छु । यसलाई कहिले नेतृत्वको महत्वाकांक्षासंग त कहिले नेपाली सेनाले व्यवसाय गर्न लाग्यो भनेर आरोपहरू लाग्ने गरेको छ । तपाईहरूलाई र तपाईहरू मार्फत आमनागरिकहरूलाई हामीले यस बारेमा बेलाबेलामा प्रष्ट पार्ने कोशिश पनि गरेका छौं ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

कोषको मुख्य स्रोत शान्ति सेना गएका सकल दर्जाबाट कट्टा गरिएको रकम हो । नेपाली सेनाले आफ्नै पहलमा करीब एक लाख सेवारत, ७० हजार सेवानिवृत र तिनका आश्रीत सहित गरी करीब ८ लाख हिताधिकारीहरूको कल्याणकार्य यसै कोषबाट गर्दै आएको छ । मुलधनमा मात्र निर्भर रहने हो भने यसले आगामी ८ - १० बर्ष मात्र अहिले प्रदान गर्दै आएको कल्याणकारी कार्यहरू गर्न सकिन्छ । तसर्थ कल्याणकारी कार्यक्रमहरूको दीगोपनका लागि नेपाली सेनाको दीर्घकालीन योजना आवश्यक छ । यसको पारदर्शीता र सहि प्रयोगका लागि नेतृत्व सदैव जिम्मेवार हुनैपर्छ । अहिले सङ्गठनभित्र सरकारी कर्मचारीहरू सरह सैनिक व्यक्तिहरूको कल्याणकार्यका लागि नेपाल सरकारको योगदानका लागि पहल गर्नुपर्ने सुझावसहितका दवावहरू बढ्न थालेको छ । सरकार सक्षम हुंदै जांदा त्यो पनि क्रमैसंग प्राप्त हुंदै जाने हाम्रो अपेक्षा रहेको छ । तर नेपाल सरकारबाट प्राप्त नहुन्जेलका लागि नेपाली सेनाप्रति सक्षम र योग्य आम नेपाली युवाहरूको आकर्षण कायम राखिरहन, सेवा प्रवेस गरेकाहरूलाई सेवामा रहिरहन प्रेरित गर्नु अहिले राष्ट्रकै लागि चुनौति हो, जसको प्रत्यक्ष समन्ध राष्ट्रिय सुरक्षासंग रहेको छ । सेवानिवृत भएपछि पनि सैनिक तालिमप्राप्त जनशक्ति रोजगारीका लागि विदेश पलायन हुनुपर्ने अवस्था विडम्बनापूर्ण छ । तसर्थ, कल्याणकारी कोषको स्रोतको विविधिकरण अपरिहार्य छ, ताकि नेपाली सेना आफैंले शुरू गरेको कल्याणकारी कार्यहरू मार्फत हाम्रो उद्देश्य हासिल गर्न सकियोस् । त्रिचन्द्र मिलिटरी अस्पताल, पेट्रोल पम्पहरू तथा Business Complex संग सम्बन्धित विषयहरू नेपाली सेनाको कल्याणकारी सेवाको बिकेन्द्रकरण गरी हिताधिकारीहरूको पहुंच सहज बनाउने र कोषको स्रोत विविधिकरण गर्ने उद्देश्य

राखिएको छ । यसबाट प्राप्त हुने आम्दानीको प्रयोग कल्याणकारी कार्यक्रमहरू जस्तैः हिताधिकारीहरूको शिक्षा, स्वास्थ्य आदि क्षेत्रकै विस्तारमा नियमसंगत प्रयोग गर्ने व्यवस्था बारेमा यहांहरू जानकार नै हुनुहुन्छ ।

त्रिचन्द्र मिलिटरी अस्पतालको Heritage Building मा स्वास्थ्य सेवा प्रारम्भ भइसकेको छ भने बांकी भवनलाई आयमुलक अर्थात No Gain No Loss मा आधारित सामाजिक प्रयोजनमा दिई त्यसको आम्दानी नेपालगञ्ज, इटहरी र पोखरामा अस्पताल विस्तार गर्न प्रयोग गर्ने योजना रहेको छ । त्यसै गरी आगामी दिनहरूमा भू.पू. सैनिक समेतलाई लक्षित गरी प्रदेश २ र ७ मा समेत सैनिक अस्पतालहरू त्यसकै आम्दानीबाट विस्तार गर्ने योजना रहेको छ । स्वास्थ्य सेवाका लागि सम्पूर्ण हिताधिकारीहरू काठमाडौं केन्द्रित वीरेन्द्र अस्पताल, छाउनी र महांकालमा केन्द्रित हुंदा हिताधिकारीहरूलाई पर्ने मर्का निराकरण गर्नका लागि हिताधिकारीहरूकै अनुरोधमा सेवा विकेन्द्रिकरण गर्न Mahankal Welfare Complex का रूपमा प्रयोग गर्ने व्यवस्था गरिएको हो । यो भन्दा उत्तम उपाय अरू के हुन सक्छ त, हाम्रो प्रश्न छ ? नेपाली सेनामा कसैको व्यावसायिक प्रतिष्पर्धी बन्ने चाह पटक्कै नभएको पनि तपाईंहरूलाई जानकारी गराउन चाहन्छु । हामी हाम्रा जिम्मेवारीहरूप्रति प्रतिबद्ध छौं ।

नेपाली सेनाका कामकार्वाहीहरू पारदर्शी र सही नहुंदा नागरिकहरूको तर्फबाट राष्ट्रिय सेनाको व्यावसायिकतामा आँच नआओस् भनेर सरोकार आउनुलाई हामीले संधै सकारात्मक रूपमा लिंदै आएका छौं, जसले हामीलाई सुधार गर्न अभिप्रेरित गर्ने गरेको छ । नेपाली सेनामा कल्याणकारी कार्य किन जरूरी छ भन्ने कुरामा सबैभन्दा पहिला हामी सबै स्पष्ट हुनु जरूरी मैले ठानेको छु । तत्पश्चात हामीले कल्याणकारी कोषको प्रयोगलाई हिताधिकारीको आवश्यकतामा आधारित बनाउंदै दीगो बनाउने तर्फ ध्यान दिनैपर्छ । कल्याणकारी कार्यदलको प्रतिवेदन पछि हामी सबैले अपेक्षा गरे मुताविक कोषको प्रयोगलाई थप व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउंदै लगिने कुरा तपाईहरू समक्ष राख्न चाहन्छु । त्यसका निमित्त हाम्रा करिब ८ लाख हिताधिकारीहरू र तपाई मिडियाकर्मी साथीहरूलाई केही समय धैर्य रहन म विनम्रतापूर्वक अनुरोध समेत गर्दछु ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

भनसुन, आफन्तवाद र निकटता हाम्रो समाजको उपज नहुनु पर्ने हो, तर नेपाली सेना यसबाट केहि हदसम्म प्रभावित भएको होला भन्ने कुरा नकार्न सकिन्न, तर यसले संगठनलाई गतिशील हुनबाट रोक्ने, व्यक्तिगत स्वार्थहरू हावी हुने तथा संस्थागत हितका विषयहरू ओझेलमा पर्दै जाने बारेमा म सचेत छु । सांगठनिक स्वार्थका अगाडि व्यक्तिगत स्वार्थ गौण हुन् । त्यसैले नीति नियमहरूले प्रधान सेनापति पनि बांधिनु पर्छ भन्ने विषयलाई केन्द्रमा राखि नेपाली सेनाको सञ्चालन गर्ने मेरो अभिप्राय रहेको छ । व्यक्तिपरक महशुस भएका केहि संस्थागत नीति नियमहरू परिमार्जन गरी संस्थागत हित हुने नीतिहरू निर्माण गर्ने सिलसिला शुरू भईसकेको छ । जस्तैः शान्ति सेना छनौटमा कोटा प्रणाली हटाइएको छ । यस किसिमका व्यवस्थाहरूको अभ्यास र त्यसको असरहरू तपाईहरूले पनि बिस्तारै महशुस गर्दै जानु हुनेछ ।

**उपस्थित मिडियाकर्मी साथीहरू,**

नेपाली सेनाले ऐतिहासिक कालदेखि वर्तमानसम्म राष्ट्रनिर्माण, राष्ट्रिय हित र स्वार्थलाई केन्द्रमा राखेर पुर्‍याउंदै आएको योगदानलाई बिर्साउने गरी पत्रपत्रिका र सामाजिक सञ्जालहरूमा आउने गरेका समाचारहरूप्रति हामी सजग छौं, तर समाचारहरू तथ्यपरक र सत्य हुनुपर्ने तर्फ हामी सबै सचेत हुन जरूरी छ । हामी भित्र रहेका कमिकमजोरीहरूलाई क्रमिक रूपमा सुधार गर्दै लैजाने कार्य प्रारम्भ भईसकेको छ । आम नेपाली नागरिकले अपेक्षा गरेजस्तो नेपाली सेना बनाउने हाम्रो लक्ष्यमा तपाई मिडियाकर्मीहरूको खबरदारी आउंदा दिनहरूमा पनि महत्वपूर्ण हुने कुरामा हामी पूर्ण रूपमा विश्वस्त छौं । नेपाली सेना र नेपाली नागरिकहरूको राष्ट्रिय दायित्व पुरा गर्न तपाईहरूले मियोको रूपमा कार्य गरि नै रहनु हुनेछ भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु । वर्तमान अवस्थामा मिडियाको महत्वका बारेमा हामी सबै जानकार छौं । नेपाली सेनाको राष्ट्रिय सुरक्षासम्बन्धि संबैधानिक जिम्मेवारी पूरा गर्ने कार्यहरूमा तपाईहरूले दिंदै आउनु भएको साथको निरन्तरता र साङ्गठनिक विषयहरूमा आउंदा दिनहरूमा समेत निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं । मिडियासंगको यस किसिमको औपचारिक तथा अनौपचारिक अन्तर्क्रियाको आवश्यकतालाई मध्यनजर गरी भविष्यमा समेत नियमित यस प्रकारका कार्यक्रमहरूको आयोजना गर्न

सम्बन्धितलाई निर्देशन दिएको छु । त्यसमा तपाईहरूको पनि यस्तै प्रकारको उत्साहित उपस्थिति रहनेछ भन्ने विश्वास लिएको छु ।

**मिडियाकर्मी साथीहरू,**

अन्तमा, पूनः एक पटक तपाईहरू सबैलाई तथा तपाईहरूका परिवारजन र सम्बद्ध मिडिया हाउसका सम्पूर्ण सदस्यहरूलाई विजया दशमी, दिपावली तथा छठको अवसरमा सुख, शान्ति, सम्बृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछु भने आज तपाईहरूले यस कार्यक्रमका लागि नेपाली सेनालाई दिनु भएको महत्वपूर्ण समयका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । नेपाली सेनाको "माटोले माग्दैन, आफैंले दिनुपर्छ" भन्ने कार्यक्रम तपाईहरूको रेडियो, एफ.एम. र टेलिभिजन मार्फत नेपाली सेनाका सकल दर्जा, सेवा निवृत सैनिक व्यक्तिहरू, तिनका आश्रित परिवार तथा आम नेपाली नागरिकहरू समक्ष देशैभर पुर्‍याउन तपाईहरूले गर्दै आउनु भएको सहयोगको मुक्तकण्ठले प्रशंसा गर्दै हार्दिक धन्यवाद पनि दिन चाहन्छु । आम नागरिकको Right to Information लाई नेपाली सेनाले पूर्ण प्रतिबद्धताका साथ लागू गर्नेछ । तपाईहरू र हाम्रो व्यावसायिकतामा आधारित रहंदै आएको सम्बन्ध आउंदा दिनहरूमा राष्ट्रिय हितमा केन्द्रित हुनेछन् भन्ने अपेक्षा राख्दै अव नेपाली सेना सम्बन्धमा तपाईहरूको केहि जिज्ञासा, रायसुझाव र सल्लाहहरू भए तपाईहरूलाई फोरम उपलब्ध गराउछु ।

**धन्यवाद ।**